


# राष्ट्रिय वाणिज्य बैंक लि. समाचार

देशको आर्थिक सामाजिक विकासमा ४७ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक

वर्ष २०    अंक १ साउन–भदौं २०६९    Year 20   Vol 1  July-Aug. 2012

## राष्ट्रिय वाणिज्य बैंक आन्तरिक व्यवस्थापन सुदृढिकरण अभियानमा

राष्ट्रिय वाणिज्य बैंक यतिवेला कारोबार र सेवा विस्तारलाई प्रभावकारी बनाउन आन्तरिक व्यवस्थापन सुदृढिकरण अभियानमा जुटेको छ। यसै सिलसिलामा बैंकले हालै १ कार्यकारी निर्देशक ४ नायव महाप्रवन्धक कामय मुकायम मुकरर गरेको छ । नयाँ व्यवस्थानुसार तत्कालीन नायव महाप्रवन्धक ज्योतिचन्द्र ओझालाई कायम मुकायम कार्यकारी निर्देशकको जिम्मेवारी दिईएको छ भने कायम मुकायम नायव महाप्रवन्धकको जिम्मेवारी प्राप्त गर्नेमा तत्कालीन विभागीय प्रमुखहरु माधवराज पन्त, गोपालचन्द्र शर्मा, गिरिजानन्द पनेरु र भेषराज पन्थी हुनुहुन्छ। स्मरण रहोस, श्री कृष्ण प्रसाद शर्माले गत ०६८ पुसबाट बैंकको प्रमुख कार्यकारी अधिकृतको उच्च व्यवस्थापकीय जिम्मेवारी सम्हाल्दैआउनुभएको छ । खुल्ला प्रतियोगिताबाट प्रमुख कार्यकारी अधिकृतमा चयन हुनुभएका श्री शर्माको कार्यकाल चार बर्षको छ ।



पोखरामा आयोजित रणनीतिक योजना तर्जुमा गोष्ठीको समुद्घाटन गर्दै बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्मा (दाँया)

## यस अंकमा

- रावावैंक : पूँजी विकासमा ऐतिहासिक फड्को
- रावावैंक क्षेत्रीय कार्यालय काठमाडौंको पुनस्थापना
- रावावैंक र प्रभु मनि ट्रान्सफरबीच रेमिटान्स सम्झौता
- विभिन्न स्थानमा गोष्ठी तथा तालीमहरू सम्पन्न
- तीज महोत्सव : विभिन्न शाखाबाट महालक्ष्मी उपहार वितरण
- ब्रान्च प्रोफाईल : शाखा कार्यालय निजगढ र दमक
- साथमा मानव संशाधन स्तम्भ

## राष्ट्रिय वाणिज्य बैंकको मुनाफा १ अरब ४४ करोड

राष्ट्रिय वाणिज्य बैंकले भरखरै सम्पन्न आर्थिक वर्ष ०६८।०६९ मा उच्चदरको निक्षेप बृद्धि र बढ्दो संचालन लागतका वावजुद रु १ अरब ४४ करोड ६२ लाख २० हजार खुद मुनाफा आर्जन गरी विगत केही वर्षयताको नाफागत प्रवृत्तिलाई निरन्तरता दिएको छ। ०६९ असार मसान्तमा बैंकको निक्षेप रु ८७ अरब ७७ करोड, कर्जा रु ४० अरब ४५ करोड र लगानी २६ अरब ५० करोड पुगेको छ। गत आ.व.मा २१ अरवको सम्पत्ति सृजना गरी १ खरब बढीको वासलात (सम्पत्ति दायित्व कारोवार) पुऱ्याएको यो बैक देशकै ठूलो वाणिज्य बैंकमा प्रतिष्ठापित हुन सफल भएको छ। यस बैंकका कुल १४० शाखाबाट कुनै पनि शाखा सेवा (एनि ब्रान्च बैकिंग सर्भिस) उपलव्ध छ भने देशभर ४८ वटा एटिएम आउटलेट रहेका छन्। बैंकले सर्वसाधारण जनताको वित्तिय पहुंच विस्तार गर्ने उद्धेश्यले छिटै काभ्रेको छत्रेवांफ र नवलपरासीको त्रिवेणीमा ब्रान्चलेस बैकिंग सेवाको शुरुआत गर्दैछ।



ओखलढुङ्गामा आयोजित महालक्ष्मी उपहार वितरण तथा दरखाने कार्यक्रममा सहभागी महिलाहरू



विराटनगरमा आयोजित महालक्ष्मी उपहार वितरण कार्यक्रमको एक झलक

## सम्पादकीय

### राष्ट्रिय वाणिज्य बैंकको पूँजी विकासमा ऐतिहासिक फड्को

राष्ट्रिय वाणिज्य बैंकले केही पहिले नेपाल राष्ट्र बैंक समक्ष पेश गरेको पूँजी योजना कार्यान्वयनको चरणमा प्रवेश गरेको छ । बैंकले पेश गरेको योजनामा अन्तिम क्रममा रहेको सरकारद्वारा थप पूँजी लगानीको प्रस्ताव पहिल्यै स्वीकृत भईआएपछि बहुप्रतिक्षित पूँजी योजना कार्यान्वयनको दिशामा अघि बढेको हो । ऋणात्मक खुद पूँजी र पूँजी अपर्याप्तताको कारण विविध कठिनाई भोग्दैआएको यस बैंकलाई सरकारले हालै ४ अरव ३२ करोड ५३ लाख १० हजार रुपया थप पूँजी उपलव्ध गराएको छ भने बैंकले सो बरावरको हकप्रद शेयर सरकारलाई उपलव्ध गराएको छ । पूँजी योजनाका अन्य भागहरु क्रमिक रुपमा कार्यान्वयनको क्रममा रहेका छन् । यसैबीच बैंक र एन.आई.डि.सि. बिकास बैंकबीच मर्जरको प्रकृयाले निश्चित मार्ग तय गरेको समाचार आएको छ । यहि पुसभित्र बैंकको पूँजी सकारात्मक भईसक्ने अनुमान व्यवस्थापनको छ । लामो अवधिदेखि नकारात्मक खुद पूँजी र पूँजी अपर्याप्ताका कारण विविध कठिनाई भोग्दैआएको र त्यसनिम्ति वित्तिय क्षेत्र सुधार कार्यक्रम आरम्भ भएयताका पटक पटकका प्रयासहरुलाई अगाडि बढाउदै वर्तमान व्यवस्थापनले चालेको सार्थक प्रयासको फलस्वरुप पूँजी सुदृढिकरणमा हासिल गरेको यस सफलताले बैंकको समग्र विकासमा महत्वपूर्ण कोशेढुंगाको काम गर्ने कुरामा सन्देह छैन । रावावैंक समाचार परिवार, बैकको पूँजी सवलिकरणको गौरवशाली यात्रामा प्रत्यक्ष परोक्ष रुपमा सक्रिय योगदान पुराउने सम्वद्ध सबैप्रति आभार प्रकट गर्दै यो अपार खुशी बैंक परिवारबीच साट्न चाहन्छ । रावावैकको उत्थान यात्रामा सुखद खवरहरु आउने क्रम जारी छ, यी सुखद् खवरको सार्थकता त्यतिबेला हुनेछ जतिबेला हामी समाज र राष्ट्रले यस बैंकबाट गरेका अपेक्षा पूरा गर्न सफल हुनेछौ, त्यसै दिशामा अघि बढ्न हाम्रा पाईलाहरु ।

### सम्पादकलाई चिठी

श्रीमान सम्पादकज्यू
राष्ट्रिय वाणिज्य बैंक समाचार
रावावैंक केन्द्रीय कार्यालय
सामान्य सेवा विभाग ।

विषय : सूचना प्रकाशित गर्ने बारे ।

यस बैंकबाट नियमित प्रकाशित हुने रावावैंक समाचारमा बैंकबाट प्रत्येक महिना अनिवार्य अवकाश तथा स्वेच्छिक अवकाशमा जाने कर्मचारीको विवरण प्रकाशन गर्ने व्यवस्था निम्ति अनुरोध छ ।

*यादव प्रसाद मैनाली*
*सह लेखा अधिकृत , राष्ट्रिय वाणिज्य बैंक*
केन्द्रीय कार्यालय , आन्तरिक लेखा परीक्षण विभाग

(मैनालीजी महत्वपूर्ण सुझावको निम्ति धन्यवाद । यहाँको सुझाव यसै अंकबाट कार्यान्वयन गर्ने प्रयास गरिएतापनि स्थानाभावले समावेश गर्न नसकिएको ब्यहोरा जानकारी गराउँदछौं सम्पादक)

### राष्ट्रिय वाणिज्य बैंक समाचारको अनुरोध

**यस समाचारमा प्रकाशनार्थ कार्यक्रम विवरण, तस्वीर लगायतका सूचना सामग्रीहरु कार्यक्रम सम्पन्न भएको तीन दिनभित्र तलको ठेगानामा पठाई सहयोग गर्नुहुन यस बैंकका सम्पूर्ण विभाग, कार्यालय तथा तीनवटै युनियनहरुलाई अनुरोध छ साथै रा.वा.बैंक समाचारको एक प्रति जनसाधारणले देख्ने गरी सूचना पाटीमा टाँस्ने व्यवस्था निम्ति अनुरोध छ ।**

**सम्पादक**
**राष्ट्रिय वाणिज्य बैंक समाचार**
**राष्ट्रिय वाणिज्य बैंक**
**केन्द्रीय कार्यालय**
**सामान्य सेवा विभाग**
**सिंहदरवार प्लाजा काठमाडौं, ईमेल :** rbbnl@rbb.com.np
**फ्याक्स : ४२४९५६५**

## राष्ट्रिय वाणिज्य वैंकको फेष्टिवल अफर

राष्ट्रिय वाणिज्य बैंकले नजिकिंदै गरेका नेपालीका महान चाडहरु दशैं, तिहार, ल्होसार ,छठ, ईद् ,चासोक, ताड०नाम २०६९ को उपलक्षमा घर कर्जा र गाडी कर्जामा विशेष: छुटसहितको फेस्टिवल अफर प्रदान गरेको छ । यस व्यवस्था अनुसार घर कर्जा र गाडी कर्जा (निजी सवारी साधनहरु) ग्राहकलाई प्रकृयागत शुल्क (प्रोसेसिंग फि ) मा शुन्य दशमलव ५ प्रतिशत छुट दिईनेछ । यस योजना (स्किम )अनुसार ग्राहकले ५ वर्षे गाडी कर्जा १२ प्रतिशत व्याजदरमा प्राप्त गर्न सक्नेछन् भने ५ वर्षे घर कर्जा १०.५ प्रतिशतमा ,१० वर्षे घर कर्जा ११.५ प्रतिशतमा ,१५ वर्षे घर कर्जा १२.५ प्रतिशत व्याजदरमा प्राप्त गर्न सक्नेछन् । मिति ०६९ आश्विन १ देखि ०६९ माघसम्म प्राप्त कर्जा आवेदन र सोही अवधिभित्र प्रवाहित कर्जामा लागू हुने यो व्याजदर कर्जा लगानी भएको मितिले १ वर्षसम्म परिवर्तन हुने छैन ।

## विभागहरुको पुनसंरचना

राष्ट्रिय वाणिज्य बैंकको समग्र कार्यसम्पादनमा प्रभावकारिता अभिबृद्धि गर्ने उद्देश्यले कार्यगत विभागहरुको पुनसंरचना गरिएको छ । पुनसंरचित व्यवस्थानुसार साविकको कर्जा विभाग अब संस्थागत तथा साना मझौला कर्जा विभाग,पूर्वाधार तथा सहवित्तियकरण कर्जा विभाग र कृषि तथा सामाजिक बैकिंग विभाग सहितको ३ विभागमा रुपान्तरित भएको छ भने सम्पत्ति व्यवस्थापन विभाग छुट्टै गठन गरिएको छ । यसैगरि साविकको व्यवस्थापन सूचना प्रणाली विभागमा बजेट महाशाखाको कार्यसमेत थप गरी व्यवस्थापन सूचना प्रणाली तथा बजेट विभाग गठन गरिएको छ । यो व्यवस्था पश्चात बैंकको कुल विभाग संख्या १८ पुगेको छ ।

## रावावैंक र प्रभु मनिट्रान्सफरबीच सम्झौता

साउन २२

काठमाडौं राष्ट्रिय वाणिज्य बैंक र प्रभु मनि ट्रान्सफरबीच वैदेशिक रेमिटान्समा सहकार्य सम्बन्धी सम्झौता भएको छ । यस सम्झौता वमोजिम अब प्रभु मनि ट्रान्सफर मार्फत विदेशबाट पठाएकोपैसा रावावैंकका शाखाहरुबाट भुक्तानी लिन सकिने छ । संझौतापत्रमा रावावैंकका तर्फबाट ट्रेजरी विभागका प्रमुख कविराज अधिकारी र मनि ट्रान्सफरका तर्फबाट नायव महाप्रवन्धक रामेश्वर सापकोटाले हस्ताक्षर गर्नुभएको थियो । सो समारोहमा रावावैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्मा,नायव महाप्रवन्धक ज्योतिचन्द्र ओझा, ट्रेजरी विभागका ना.मु.अ.शंकर कुमार रायमाझीका साथै प्रभु मनि ट्रान्सफरका पदाधिकारीहरुको समुपस्थिति थियो ।



मलेशिया, अमेरिका तथा खाडी मुलुकसहित नेपाली कार्यरत सबैजसो मुलुकबाट विभिन्न कम्पनीसंग मिलेर रेमिटेन्स भित्र्याउदै आएको प्रभु मनि ट्रान्सफर र ठूलो शाखा संजाल (१४०) भएको रावावैंकबीच सम्पन्न यस सम्झौताले लाखौंको संख्यामा रहेका वैदेशिक रोजगारमा संलग्न नेपाली र उनीहरुका परिवार तथा आफन्त लाभान्वित हुने अपेक्षा लिइएको छ ।

## एण्डेक्स मनि एक्सपो २०१२ मा रावावैंक

०६९ भाद्र १५ देखि १७ सम्म काठमाडौंको भृकुटीमण्डपमा संचालित त्रिदिवशीय मनि एक्सपोमा राष्ट्रिय वाणिज्य बैंकले आकर्षक स्टलमार्फत सक्रिय सहभागिता जनायो । उक्त एक्स्पोको समापन समारोहमा रावावैंकको स्टलले 'मोष्ट विजनेस फ्रेण्डली' स्टलको उपाधी हात पारेको थियो । बैंकले प्रदान गर्ने सेवासुविधाबारेका प्रचार सामग्री वितरण गरिएको उक्त स्टलको दश हजार बढी दर्शकले अवलोकन गरेको जानकारी बैंकको मार्केटिंग तथा विकास विभागकी नायव मुख्य अधिकृत सुशिला भट्टराईबाट प्राप्त भएको छ ।



# कर्जा लगानी तथा असुली सम्बन्धी रणनीतिक योजना तर्जुमा गोष्ठी

भाद्र १५ पोखरा

राष्ट्रिय वाणिज्य बैंकको लगानी असुलीमा चालु आ.व.मा अवलम्वन गर्ने रणनीतिक योजना निर्धारण गर्ने उद्धेश्यले ठूला ५४ शाखा प्रवन्धकको सहभागितामा आयोजित त्रिदिवशीय गोष्ठी हालै सम्पन्न भयो । बैंकको तालीम तथा विकास विभागको आयोजनामा संचालित उक्त तालीम कार्यक्रमको प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले समुद्घाटन गर्नुभएको थियो । सो अवसरमा प्रमुख कार्यकारी अधिकृत शर्माले बैंकको चुक्ता पुंजी केही समयभित्र ८.५ अरब पुग्ने वताउँदै बैंकको हालको भाखा नाघेको कर्जा कुल कर्जा अनुपात हालको ७.५ प्रतिशतबाट घटाई ५ प्रतिशतभन्दा कम बनाउनुपर्ने वताउनुभयो । हाल बैंकको निक्षेप कर्जा अनुपात ४८ प्रतिशतबाट बढाई ८० प्रतिशतसम्म जान सकिने अवस्था रहेको वताउदै श्री शर्माले गुणस्तरीय कर्जा प्रवाह बढाउन प्रवन्धकहरुलाई निर्देशित गर्नुभयो । तालीम तथा विकास विभागका उपप्रमुख मित्रलाल पंज्ञानीको संचालनमा सम्पन्न उक्त समारोहमा का.मु. कार्यकारी निर्देशक




ज्योतिचन्द्र ओझा, का.मु. नायव महाप्रवन्धक भेषराज पन्थी लगायतका वक्ताले मन्तव्य दिनुभएको थियो ।

उक्त गोष्ठीको वन्द सत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले रावाबैंकको समग्र अवस्थाबारे, कार्यकारी निर्देशक ज्योतिचन्द्र ओझाले रावाबैंकमा निक्षेप परिचालन चुनौती र संभावनाबारे, का.मु.नायव महाप्रवन्धक गिरिजानन्द पनेरुले कृषि तथा सामाजिक बैकिंगको महत्ता र तत्सम्वन्धी विभाग गठनको औचित्यबारे मुख्य शाखा कार्यालय काठमाडौंका प्रवन्धक केशव प्रसाद लम्सालले शाखागत कर्जा प्रवाह र असुली नीतिबारे, ट्रेजरी विभागका प्रमुख कविराज अधिकारीले



बैंकको बजार हिस्साबारे, संस्थागत तथा साना मझौला कर्जा विभागका प्रमुख भुपेन्द्र पाण्डेले गुणस्तरीय कर्जा विस्तारबारे, कर्जा असुली तथा पुनसंरचना विभागका प्रमुख नरेशराज अर्यालले भाखा नाघेको कर्जा घटाउन अपनाउनुपर्ने कार्ययोजनाबारे र अन्तमा का.मु.नायव महाप्रवन्धक भेषराज पन्थीले प्रस्तुतीका सारवस्तुबारे विशेषः प्रस्तुती दिनुभएको थियो । यसैगरि क्षे.का.विराटनगर, वीरगन्ज, काठमाडौं, पोखरा र नेपालगन्जका प्रमुखहरुले क्षेत्रगत प्रतिवेदन र सहभागी ५४ शाखा प्रवन्धकहरुले शाखागत प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

समापन समारोहमा गत आर्थिक वर्षको कार्यसम्पादनको आधारमा नेपालगन्ज क्षेत्र र पोखरा क्षेत्रका पुरष्कृत शाखा तथा कर्मचारीलाई पुरष्कार प्रदान गरिएको थियो । सो समारोहमा बैंक संचालक समितिका सदस्य विष्णुदास डंगोलले निर्देशन मन्तव्य दिनुभएको थियो भने बैकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले समापन मन्तव्य दिनुभएको थियो । उक्त गोष्ठीमा मुख्य शाखा कार्यालय काठमाडौं, शाखा कार्यालय वानेश्वर, वेशिसहर, पृथ्वीचोक, महेन्द्रपुल, मैतीदेवी, अमरसिंहचोक, वेनिवजार, इनरुवा, हेटौंडा, देवकोटाचोक, महाराजगन्ज, धनगढी, दमक, थापाथली, ठमेल, वर्दघाट, टंगाल, भोटाहिटी, कावासोती, टेकु, वालाजु, विर्तामोड, धरान, नारायणघाट, महेन्द्रनगर, जनकपुर, तुलसीपुर, सिंहदरवार, श्रीपुर, वीरगन्ज, सुर्खेत, लहान, कलैया, भैरहवा, सूर्यविनायक, पुल्चोक, राजविराज, गौशाला, ललितपुर, कुश्मा, नेपालगन्ज, विराटनगर, सानोठिमी, इटहरि, लालवन्दी, भरतपुर, सिन्धुली, भद्रपुर, वेल्वारी, कलंकी, उर्लावारी र गरुडावजारका प्रवन्धकहरुको सहभागिता थियो ।

# राष्ट्रिय वाणिज्य बैंक : क्षेत्रीय कार्यालय काठमाडौं पुनस्थापना

१७ साउन थापाथली काठमाडौं

राष्ट्रिय वाणिज्य बैंकले समग्र कारोवारमा करिव ४० प्रतिशत हिस्सा ओगट्ने वागमती,नारायणी र सगरमाथा अंचलका ३४ शाखा कार्यालयमा कारोवार विस्तार र आन्तरिक नियन्त्रणलाई प्रभावकारी ढंगले अघि बढाउने उद्धेश्यले क्षेत्रीय कार्यालय काठमाडौंको पुनस्थापना गरेको छ । राष्ट्रिय वाणिज्य बैंकको ५ औं क्षेत्रीय कार्यालयको रुपमा थापाथलीमा पुनस्थापित उक्त क्षेत्रीय कार्यालयको रावाबैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले  एक समारोहका बीच समुद्घाटन गर्नुभयो । सो अवसरमा बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले विगतमा बैंकले सामना गर्नुपरेको वित्तीय जटिलताको कारण कार्यस्थल र कारोवारमा संकुचनकारी नीति अपनाईएकोमा हालका दिनहरुमा वित्तिय अवस्थामा हासिल गरेको सुधार,यस बैंकसामु रहेका कर्जा विस्तारका चुनौती र त्यसमा निहित संभावनाको दोहन, समग्र कारोवार विस्तार र प्रभावकारी नियन्त्रणको आवश्यकतालाई दृष्टिगत गरी बैंक हाल विस्तारकारी चरणमा प्रवेश गरेको वताउँदै प्रमुख कार्यकारी अधिकृत शर्माले नमूना क्षेत्रीय कार्यालयको परिकल्पनासाथ पुनस्थापना गरिएको यस कार्यालयले बैंकको आन्तरिक नियन्त्रण पध्दति सवल हुने विश्वास प्रकट गर्नुभयो । सो अवसरमा प्रमुख कार्यकारी अधिकृत शर्माले बैंकले प्रस्तावित गरेको पूंजी योजनाको कार्यान्वयनमा सरकारी सदाशयताको कारण बैंकको खुद सम्पत्तिमा उत्शाहजनक सुधार आएको बताउदै बैंकले आन्तरिक प्रयासहरुबाट यही पुसभित्र खुद सम्पत्ति साढे दुई अरबले सकारात्मक बनाउने वताउनुभयो । साथै श्री शर्माले बैंकले चालु आर्थिक वर्षमा कृषि जलविद्युत तथा विपन्न क्षेत्रमा १० अरब कर्जा प्रवाह र साढे एक अरब कर्जा असुलीको प्रक्षेपण गरेको वताउनुभयो ।




सो अवसरमा बैंकका नायव महाप्रवन्धक ज्योतिचन्द्र ओझाले रावाबैंकले पूंजी योजना अन्तर्गत हालै हासिल गरेको उपलब्धि बैंकको विकासमा एक महत्वपूर्ण कोशेढुंगो रहेको वताउँदै यस बैंकबाट सरकार र जनताले गरेको अपेक्षा पूरा गर्न कर्मचारीमा थप कार्यदक्षता र अनुशासन अभिबृद्धिको आवश्यकता औंल्याउनुभयो । सो अवसरमा स्वागत मन्तव्य प्रस्तुत गर्दै ब्रान्च अपरेसन विभागका प्रमुख भेषराज पन्थीले राष्ट्रिय वाणिज्य बैंकले सामाजिक बैकिंगमा योगदान पुराउन ब्रान्चलेस बैकिंग अन्तर्गत छिटै काभ्रेको छत्रेबांझ र परासीको त्रिवेणीमा कारोवार आरम्भ गर्ने जानकारी दिनुभयो । पुनस्थापित क्षेत्रीय कार्यालय काठमाडौंका प्रमुख सुशिल श्रेष्ठको सभापतित्वमा उपप्रमुख भैरव बहादुर हमालको संचालनमा सम्पन्न उक्त समारोहमा केन्द्रीय कार्यालयका विभागीय प्रमुखहरु र उपत्यकास्थित रावाबैंकका शाखा कार्यालयका प्रवन्धकहरुको समुपस्थिति थियो ।

# राष्ट्रिय वाणिज्य बैंक : उपत्यकाव्यापी प्रवन्धकस्तरीय गोष्ठी

३ साउन काठमाडौं ।

राष्ट्रिय वाणिज्य बैंकका उपत्यकास्थित २१ शाखा प्रवन्धकहरुको सहभागितामा चालु आर्थिक वर्षमा बैंकले अवलम्वन गर्ने कर्जा विस्तार ,निक्षेप संकलनसम्बन्धी मूल्यनीति , बैक तथा वित्तिय क्षेत्रको सवलिकरण निम्ति नेपाल राष्ट्र बैंकले हालै जारी गरेका निर्देशन कार्यान्वयन तथा बैंकको आन्तरिक संचालन पध्दति सुधारमा केन्द्रित रही एक दिवशीय विचार गोष्ठीको आयोजना गरियो । राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय तालिम तथा विकास विभागको आयोजनामा सम्पन्न उक्त



गोष्ठीको शुभारम्भमा बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले पूर्ण सरकारी राष्ट्रिय  वाणिज्य बैंकले भरखरै सम्पन्न आर्थिक वर्षमा हासिल गरेको करिव १ अरव ५२ करोड (अप्रशोधित) मुनाफा, ७ प्रतिशत हाराहारीको भाखा नाघेको कर्जाजस्ता वित्तिय परिसूचकहरुप्रति सन्तोष प्रकट गर्दै बैंकको यस सफलता र पूँजी सवलिकरण अभियानमा प्रत्यक्ष परोक्ष रुपमा सघाउने सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो । देशले प्राथमिकतामा राखेको कृषि र जलविद्युतका क्षेत्रमा कर्जा प्रवाहमा विशेष: सक्रियता देखाउनुपर्ने आवश्यकतामा जोड दिदै श्री शर्माले यस क्षेत्रमा चालु आर्थिक वर्षमा ४ अरब कर्जा प्रवाहको प्रक्षेपण गरिएको जानकारी दिनुभयो । सो अवसरमा प्रमुख कार्यकारी अधिकृत शर्माले देशमा विद्यमान राजनैतिक आर्थिक जटिलतावीच बैंकसंग रहेको प्रचुर लगानीयोग्य साधनको अधिकाधिक उपयोग गर्ने चुनौती बैंकसामु रहेको वताउँदै निर्यात र पर्यटन क्षेत्र  लगानीको उपयुक्त संभाव्य क्षेत्र रहने धारणा राख्नुभयो ।

सो अवसरमा बैंकका नायव महाप्रवन्धक ज्योतिचन्द्र ओझाले उपलव्ध श्रोतको अधिकतम उपयोग गरी उपयुक्त आय आर्जन आजको आवश्यकता रहेको वताउँदै चालु आर्थिक वर्षमा आन्तरिक संचालन पद्धतिमा सुधार गरी ग्राहक सेवा अभिवृध्दि निम्ति शाखा कार्यालयले तयार गर्ने कार्ययोजना बैंकले हरसम्भव कार्यान्वयनमा ल्याउने प्रतिवध्दता प्रकट गर्नुभयो । राष्ट्रिय वाणिज्य बैंक तालीम तथा विकास विभागका उपप्रमुख मित्रलाल पंज्ञानीको स्वागत मन्तव्यबाट आरम्भ भएको उक्त गोष्ठीमा ब्रान्च अपरेसन विभागका प्रमुख भेषराज पन्थी, ट्रेजरी विभागका प्रमुख कविराज अधिकारी ,कर्जा विभागका प्रमुख गोपालचन्द्र शर्मा र मुख्य अधिकृत भुपेन्द्र पाण्डे, वित्त विभागका प्रमुख नारायण बहादुर अधिकारी, मुख्य शाखा कार्यालय काठमाडौका प्रवन्धक केशव लम्साल लगायतका वक्ताहरुले बैंकले चालु वर्षमा अवलम्वन गर्ने नीतिका सम्वन्धमा प्रस्तुती दिनुभएको थियो । उक्त गोष्ठीमा राष्ट्रिय वाणिज्य बैंकको कुल कारोवारमा कर्जातर्फ ४३ र निक्षेपतर्फ ३५प्रतिशत हिस्सा ओगट्ने काठमाडौं उपत्यकास्थित मुख्य शाखा कार्यालय काठमाडौं, शाखा कार्यालय  ठमेल,सिंहदरवार,नक्साल,ललितपुर,कीर्तिपुर,बालाजु, गौशाला,भोटाहिटी,वानेश्वर,थापाथली,मैतीदेवी बूढानिलकण्ठ, त्रि.अ.वि., टेकु, महाराजगन्ज, कलंकी, सूर्यविनायक, सानोठिमी, ठिमी, ललितपुर, पुल्चोकका प्रवन्धकहरुको सहभागिता थियो ।

# सूचना प्रविधि अधिकृतहरूलाई सामान्य बैकिंग तालीम कार्यक्रम

साउन २८ साँगा

सूचना प्रविधिको कुशलतम संयोजनबाट बैकिंग अभ्यासमा दक्षता अभिबृद्धि गर्ने उध्देश्यले राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय तालीम तथा विकास विभागको आयोजनामा बैंकको केन्द्रीय, क्षेत्रीय तथा शाखा कार्यालयमा सूचना प्रविधि क्षेत्रमा कार्यरत ३४ अधिकृतको सहभागितामा आयोजित General Banking Training for IT Professional  विषयक तालीम कार्यक्रम हालै सम्पन्न भयो । साँगामा रहेको अग्लो कदको महादेव मूर्ति निकटको कैलाशनाथ रिर्सोटमा संचालित त्रिदिवशीय आवाशीय तालीम कार्यक्रमको बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले  शुभारम्भ गर्नुभएको थियो । सो अवसरमा प्रमुख कार्यकारी अधिकृत शर्माले सूचना प्रविधिको प्रयोगमा बैंकले हासिल गरेको सफलता निम्ति सूचना प्रविधि सम्वद्ध अधिकृत तथा कर्मचारीले खेलेको भूमिकाको सराहना गर्दै आगामी दिनमा सम्वद्ध कर्मचारीको वृत्ति विकास सुनिश्चित गर्दै बैंकको विकासमा उनीहरुको भूमिका अभिबृद्धि गर्न तालीममा विशेष: जोड दिईने वताउनुभयो। उक्त समारोहमा ब्रान्च अपरेसन विभागका प्रमुख भेषराज पन्थी, सूचना प्रविधि विभागका प्रमुख कपिलमणि ज्ञवाली, तालीम तथा विकास विभागका लेखा अधिकृत मणि ढुंगाना श्रोत व्यक्ति योग प्रशिक्षक डा. राजु अधिकारी लगायतका महानुभावको समुपस्थिति थियो। सूचना प्रविधि विभागका प्रमुख कपिलमणि ज्ञवालीको संचालनमा शाखा कार्यालय महाराजगन्जका प्रवन्धक राजेन्द्र दाहालको आतिथ्यमा सम्पन्न उक्त तालीमको समापन समारोहमा सहभागीका तर्फबाट लेखा अधिकृत लक्ष्मी पराजुली, प्राविधिक अधिकृतद्वय हितकाजी गुरुंग र बुद्धि अधिकारीले सामान्य बैकिंग, सूचना प्रविधि र अध्यात्म/योगको त्रिवेणीको रुपमा संचालित उक्त तालीम कर्मचारीको दक्षता अभिबृद्धि र आत्मिक उत्थानमा महत्वपूर्ण रहेको धारणा राख्नुभयो ।

यसैबीच साउन २९ गते केन्द्रीय कार्यालयको सभाकक्षमा उक्त तालीम कार्यक्रमका  उपलब्धी र परिमार्जन सम्बन्धमा एक पुनरावलोकन कार्यक्रम आयोजना गरियो । सो अवसरमा बैंकका नायव महाप्रवन्धक ज्योतिचन्द्र ओझाले प्राविधिकहरुमा प्रवन्धन क्षमता अरुभन्दा राम्रो पाईएको वताउँदै रावावैंकमा कार्यरत सूचना प्रविधि सम्वद्ध अधिकृत तथा कर्मचारीबाट रावावैंकले धेरै अपेक्षा राखेको वताउनुभयो । सो अवसरमा नामप्र ओझाले बजार प्रतिष्पर्धामा खरो उत्रन नयां प्रविधि अपनाउनै पर्ने



तर नयां प्रविधि अपनाउंदा आईपर्ने खतरा न्यूनतम गराउनेबारे पनि चनाखो रहनुपर्ने आवश्यकतामा जोड दिनुभयो । सो अवसरमा तालीम तथा विकास विभागका उपप्रमुख मित्रलाल पंज्ञानीले सहभागीलाई आवश्यक ज्ञान शीप सुन्दर तरिकाले कसरी दिन सकिन्छ भन्ने विषयमा तालीम विभाग गंभीर र सजग रहेको वताउनुभयो । सूचना प्रविधि विभागका प्रमुख कपिलमणि ज्ञवालीको संयोजन तथा संचालनमा सम्पन्न उक्त कार्यक्रममा नायव मुख्य अधिकृत मुकुन्द अर्याल,लेखा अधिकृत लक्ष्मी पराजुली, प्राविधिक अधिकृतहरु शेखरराज शर्मा ,वुध्दि अधिकारी,सरोज दाहाल, नरसिंहनारायण यादव,आनन्द नारायण चौधरी ,राजु नेपाली लगायतका वक्ताहरुले तालीमका उपलब्धि,सवल तथा कमजोर पक्षबारे प्रस्तुती दिनुभएको थियो ।  अधिकांश सहभागीहरुले मन्दिरक्षेत्रजस्तो उत्कृष्ट स्थल, अस्पतालमा जस्तो स्वस्थकर (शाकाहारी) खाना , उपयुक्त श्रोत व्यक्तिमार्फत योग अध्यात्मसहितको सूचना प्रविधि अनि व्यवस्थापन समेटिएको उक्त तालीम अत्यन्त अविष्मरणीय रहेको धारणासहित तालीमका श्रोत व्यक्ति र सहभागीलाई प्रमाणपत्र दिनु उपयुक्त हुने ,कार्यक्रममा समय तालीका केही खुकुलो बनाउनुपर्ने ,बैकिंग ,लेखा कर्जा लगानी असुली ,मानव संशाधन व्यवस्थापन र वजार व्यवस्था, कोष व्यवस्थापन ,नेतृत्व सम्बन्धी कोर्स थप्नु उचित हुने लगायतका सुझावहरु सुझाउनुभएको थियो ।

# कर्जा व्यवस्थापनसम्वन्धी कार्यशाला गोष्ठी सम्पन्न

धुलिखेल

राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय तालीम तथा विकास विभागको आयोजनामा केएफएको सहयोगमा आयोजित ४ दिवशीय (भाद्र २९ देखि असोज १) कर्जा व्यवस्थापनसम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न भयो । केन्द्रीय कार्यालय र क्षेत्रीय कार्यालयमा कार्यरत कर्जा सम्बद्ध ३९ वरिष्ठ अधिकृतहरुको सहभागिता रहेको उक्त गोष्ठीको बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले समुद्घाटन गर्नुभएको थियो । सो अवसरमा श्री शर्माले रावाबैंकले विभिन्न कालखण्डमा विविध आरोह



अवरोहको सामना गर्दै यहांसम्म आईपुगेको, कर्जा नै बैंकको पतन र उत्थानको कारण रहेको र आगामी दिनमा बैंकलाई नयां गति दिन कर्जाकै अहम भूमिका रहने सन्दर्भमा कर्जा व्यवस्थापनलाई प्रभावकारी बनाउन उक्त कार्यशाला गोष्ठी आयोजना गरिएको वताउनुभयो । सो अवसरमा संस्थागत तथा साना मझौला कर्जा विभागका प्रमुख भुपेन्द्र पाण्डे, तालिम तथा विकास विभागका उपप्रमुख मित्रलाल पंज्ञानीले गोष्ठीको उध्देश्य तथा उपादेयताबारे प्रकाश पानुभएको थियो ।

सर्वश्री निर्मल दाहाल, परशुराम क्षेत्री, मनोज भट्टराई, राजन विक्रम थापाको प्रस्तुतीकरण रहेको उक्त कार्यशाला गोष्ठीमा ५ समूहमा विभाजित सहभागीहरुवीच नयां कर्जा प्रोडक्टबारे वृहत छलफल भएको थियो । यस क्रममा समापन सत्रमा ग्रुप ए बाट स.ले.अ. ईन्द्र कट्टेल ,ग्रुप वि बाट सि.ए. विनय रमण पौडेल,ग्रुप सि बाट सि.ए. निर्मल न्यौपाने ,स.ले.अ. वाल कुमार थापा, ग्रुप डि बाट सि.ए. ध्रुव प्रसाद अधिकारी ,ग्रुप ई बाट सि.ए. निम्बल श्रेष्ठ,ग्रुप एफ बाट सि.ए. कृष्ण शाह र ले.अ.जगन्नाथ कुंईकेलले नयां कर्जा प्रोडक्टबारे प्रस्तुती दिनुभएको थियो । सो अवसरमा यस समाचारका सम्पादक मुकुन्द अर्यालले रावाबैंक पूर्ण सरकारी बैंक भएको र बैंकले विभिन्न अप्ठेरामा सरकारबाट सहयोग प्राप्त गरिरहेको परिप्रेक्षमा स्वदेशमै रोजगारी सिर्जना गर्ने र गरीब जनताको आर्थिक उत्थान गर्ने खालका कर्जा सेवाहरु विकास गर्नुपर्ने आशयको अभिव्यक्ति दिनुभएको थियो । सो अवसरमा संस्थागत तथा साना मझौला कर्जा विभागका प्रमुख भुपेन्द्र पाण्डेले सकारात्मक दृष्टिकोण (पोजेटिभ एटिच्युड) बारे विशेष: प्रस्तुती दिनुभएको थियो । मिराकल मेनेजमेन्ट प्रा.लि.को व्यवस्थापनको मिरावल होटल तथा रिसोर्ट प्रा.लि.को सभाकक्षमा संचालित उक्त तालीम कार्यक्रमको समापन समारोहमा बैंकका का.मु.ना.म.प्र. गोपालचन्द्र शर्माले गोष्ठी सहभागीको ज्ञान, शीप र दृष्टिकोण परिवर्तनमा सहयोगी भएको वताउँदै उक्त गोष्ठीले नयां कर्जा प्रोडक्ट विकासको दिशामा नयां आयाम दिने वताउनुभयो । सो अवसरमा बैंकका का.मु.का.नि.ज्योतिचन्द्र ओझाले बैंकका श्रोतहरुको अत्युत्तम उपयोगको आवयकता रहेको सन्दर्भमा रावाबैंकले गुणस्तरीय कर्जा बढाउनुपर्ने वताउनुभयो । प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले गोष्ठी अत्यन्त महत्वपूर्ण र उपयोगी कर्जाको धारणागत विजारोपण गर्न सफल भएकोमा प्रशन्नता र उत्साह व्यक्त गर्दै बैंकले कर्जा प्रोडक्टलाई अन्तिम रुप दिंदा समुचित मुनाफा, सामाजिक उत्तरदायित्व र राष्ट्रको आर्थिक समृध्दिमा विशेष: ध्यान दिने वताउनुभयो ।

## श्रद्धाञ्जली



यस बैंकको शाखा कार्यालय मिर्चैयाका प्रवन्धक वेदानन्द शाह (५५६३) को मिति ०६९ भाद्र ६ गते असामयिक निधनको खवरले हामीहरु मर्माहत भएका छौं । शोक र पीडाको यस घडीमा स्व.शाहको दिवंगत आत्माको चिरशान्तिको निम्ति सर्वशक्तिमान परमेश्वरसंग प्रार्थनासहित हार्दिक श्रध्दान्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK Ltd.

राष्ट्रिय वाणिज्य बैंक
परिवार

## ब्रान्च प्रोफाईल

### शाखा कार्यालय निजगढ

**गत आर्थिक वर्षमा देशभरका रावाबैंक शाखामा सर्वोत्कृष्ट हुन सफल**

निक्षेप: रु २४ करोड ९२ लाख (०६९ असार )
कर्जा : रु १८ करोड २५ लाख  खुद नाफा : ६ लाख
कर्मचारी संख्या (सु.गा. ) :७  प्रवन्धकको नाम : शिवप्रसाद पाण्डे
भाखा नाघेको कर्जा : ०.१६ प्र.

**सफलताका रहस्य**

क) लगनशील,मिलनसार र प्रतिवध्द कर्मचारीहरु
ख) ग्राहक र बैंकबीच सुमधुर सम्वन्ध व्यवस्थापन
ग) गुणस्तरीय सेवा प्रदान




घ) कार्यालयको सुधारिएको भौतिक संरचना
ङ) बैंकको ख्याती तथा बैक व्यवस्थापनको निरन्तर उत्प्रेरणा
च) स्थानीय सामाजिक सहयोग

**समस्या र चुनौती**

क) बजारमा भित्रिएका निजी बैंक तथा वित्तीय संस्था ,तिनीहरुले प्रदान गर्ने आकर्षक निक्षेप व्याजदर,आधुनिक वित्तिय उपकरणमार्फत दिने गुणस्तरीय सेवा
ख) निरक्षर ग्राहक  ग) समयानुसार भौतिक संरचनामा गर्नुपर्ने परिवर्तन

---

### शाखा कार्यालय दमक

**(गत आर्थिक वर्षमा विराटनगर क्षेत्रमा उत्कृष्ट हुन सफल)**




निक्षेप: रु ५६ करोड (०६९ असार)
कर्जा : रु ४७ करोड  खुद नाफा : ४ करोड ५२ लाख
कर्मचारी संख्या :१४  प्रवन्धकको नाम : हेमराज खरेल
भाखा नाघेको कर्जा : ०.८७ प्र.( पहिले ४० प्र.भन्दा बढी )

अन्य विशेष : सरकारी कारोवार गर्ने,सामाजिक सुरक्षा भत्ता ४००० बढीलाई वितरण गर्ने

सफलताका रहस्य

क) कर्तव्यनिष्ठ ,मेहनती र सामुहिक भावना भएका कर्मचारी
ख) पूर्ण टेलर क्यास लागू

**समस्या**

क) न्यून कर्मचारी संख्या (सहायकस्तरका २ कर्मचारी आवश्यक)
ख) पावर व्याकअपको खांचो

# सरुवा विवरण ( २०६९/५/८ सम्मको )

| पद | नाम,थर | क.नं. | साविक कार्यालय | हालको कार्यालय |
|---|---|---|---|---|
| सहायक पाचौ | श्री मान वहादूर खत्री | ९१७८ | ठमेल | ललितपूर |
| स.ले.अ. | श्री ऋषि नाथ अधिकारी | १०५१० | मु.शा.का. | आ.ले.प.बिभाग |
| सहायक पाचौ | श्री प्रभा कुमारी कुइकेल | ८०१७ | जनकपूर | गौशाला |
| सहायक पाचौ | श्री मेनुका रिजाल | १०६०२ | बिराटनगर | मा.सं.बिभाग |
| सहायक पाचौ | श्री किशोर कुमार चालिसे | ८०८२ | बिराटनगर | थापाथली |
| सहायक पाचौ | श्री रमला गौरी अधिकारी | ९७२२ | नक्साल | कानुन बिभाग |
| सहायक पाचौ | श्री उद्धव राज रेग्मी | ४७६२ | नेपालगंज | ठमेल |
| स.चौथो | श्री बिष्णु प्रसाद खनाल | ९६९९ | नेपालगंज | ठमेल |
| स.चौथो | श्री सुमन कुमार विम्व | ८६९४ | गौशाला | थापाथली |
| सहायक पाचौ | श्री शान्ती अमात्य | ९७०४ | त्रि.अ.वि.स्थल | गौशाला |
| सहायक पाचौ | श्री श्रीहरि आचार्य | ९३२३ | हेटौडा | त्रि.अ.वि.स्थल |
| सहायक पाचौ | श्री इन्द्र प्रसाद भुर्तेल | ६३८० | थापाथली | वित्त बिभाग |
| स.ले.अ. | श्री विश्व प्रसाद दाहाल | ११०८१ | धुलिखेल | ठमेल |
| स.ले.अ. | श्री मुक्त वहादूर के.सी | ९५७५ | अ.शा.हि.मि.बिभाग | धुलिखेल |
| स.ले.अ. | श्री राम कृष्ण गिरी | ९५२९ | ठमेल | कलकी |
| स.ले.अ. | श्री बिष्णु प्रसाद अर्याल | ११०९८ | कलंकी | वित्त बिभाग |
| स.चौथो | श्री मिरा पाण्डे | १०१६६ | नक्साल | मा.सं.वि. |
| स.ले.अ. | श्री राम हरि शर्मा | ११०५६ | ठमेल | प्र.का.अ.को कार्यालय |
| सहायक पाचौ | श्री कल्पना थापा | १०१८२ | दैलेख | ठिमी |
| स.चौथो | श्री उदय राज शर्मा | ७८३४ | मू.शा.का. | कार्ड पेमेण्ट एण्ड सेटलमेन्ट बिभाग |
| स.ले.अ. | श्री धर्मराज अर्याल | ८०२० | बित्त बिभाग | प्र.का.अ.को कार्यालय |
| का.स.तेश्रो | श्री बद्री प्रसाद तिम्सीना | ९००१ | थापाथली | वित्त बिभाग |
| स.पांचौ | श्री हिमाल भण्डारी | १०३९९ | लमही | मार्केटिंग तथा विकास बिभाग |
| स.ले.अ. | श्री लेख नाथ अधिकारी | ११०६१ | महेन्द्रपुल | क्षे.का. पोखरा |
| स.ले.अ. | श्री सुमन गुरुंग | १०५२७ | अमरसिंहचोक | क्षे.का. पोखरा |
| लेखा अधिकृत | श्री कमल खनाल | ३१९५ | मू.शा.का. | के.का. कर्जा बिभाग |
| सहायक पाचौ | श्री नानी छोरी श्रेष्ठ | ७९८७ | ललितपुर | टेकू |
| सहायक पाचौ | श्री बाल कुमारी थापा | ७८६४ | सिंहदरवार | कार्ड पेमेण्ट एण्ड सेटलमेन्ट बिभाग |
| सहायक पाचौ | श्री लव प्रसाद आचार्य | ५३२६ | टेकु | पुल्चोक |
| स.ले.अ. | श्री गणेश वहादूर खड्का | ६४९३ | कलंकी | किर्तिपूर |
| सहायक पाचौ | श्री न्हुन्छे लाल महर्जन | ९३९४ | किर्तिपूर | कलंकी |
| सहायक पाचौ | श्री दिपक रत्न शाक्य | ८३३१ | बालाजू | वानेश्वर |
| सहायक पाचौ | श्री बलराम सुवेदी | १००७४ | मैतिदेवी | महाराजगंज |
| सहायक पाचौ | श्री चूडामणि अर्याल | ६१५७ | महाराजगंज | बालाजू |
| सहायक पाचौ | श्री यादव नाथ खनाल | ४७९० | वानेश्वर | थापाथली |
| स.ले.अ. | श्री लक्ष्मण प्रसाद कोइराला | ५१०७ | थापाथली | मूं.शा.का. |
| सहायक पाचौ | श्री ईश्वर वावू अधिकारी | ५८०० | ठमेल | मैतिदेवी |
| सहायक पाचौ | श्री निरन्जन मानन्धर | ५३८४ | बुढानिलकण्ठ | ठमेल |
| सहायक पाचौ | श्री अजय विक्रम शाह | ८४२१ | किर्तिपूर | कलैया |
| का.मू.स.पाचौ | श्री टंक नाथ पौडेल | ३७८८ | ठिमी | थापाथली |
| सहायक पाचौ | श्री ज्ञानी मैया श्रेष्ठ | ४७०२ | सानोठिमी | ठिमी |
| स.चौथो | श्री अन्जु कुमारी ओभ्ना | १०८४६ | थापाथली | मू.शा.का. |
| स.चौथो | श्री लक्ष्मी पैडेल पराजुली | ९०३९ | गौशाला | ललितपुर |
| स.ले.अ. | श्री कपिल कुमार कार्की | ११०८६ | कर्जा बिभाग | लुभु |
| लेखा अधिकृत | श्री कृष्ण प्रसाद भुसाल | ९८६४ | परासी | रामनगर |
| स.ले.अ. | श्री गुरु प्रसाद योगी | ९७३१ | क्षे.का. नेपालगंज | नारायपुर |
| स.ले.अ. | श्री रुकमांगत मूडभरी | ९१६० | गुल्मी | परासी |
| स.ले.अ. | श्री झपट वहादूर रानाभाट | ८३०८ | पाल्पा | गुल्मी |
| स.ले.अ. | श्री गोविन्द खनाल | ८३०१ | सन्धिखर्क | तौलिहवा |
| स.ले.अ. | श्री जगत आचार्य | ७९३१ | तौलिहवा | सन्धिखर्क |
| स.ले.अ. | श्री बालमुकुन्द पाठक | ६२२१ | तौलिहवा | भैरहवा |
| लेखा अधिकृत | श्री चिन्तामणि घिमिरे | १०३६७ | भैरहवा | वुटवल |
| लेखा अधिकृत | श्री आश्विनी अधिकारी | ६३९१ | गोरखा | क्षे.का. पोखरा |
| स.ले.अ. | श्री कूश कुमार श्रेष्ठ | ७३९४ | थापाथली | गोरखा |
| सहायक पाचौ | श्री श्रीराम वास्कोटा | ९४५५ | सिंहदरवार | गजुरी |
| स.ले.अ. | श्री डम्वर वहादूर ओली | ९८९५ | क्षे.का. नेपालगंज | तुल्सिपूर |
| लेखा अधिकृत | श्री बलदेव थापा | ८२८७ | बनेपा | मा.सं.बिभाग |
| लेखा अधिकृत | श्री राजु प्रसाद ढकाल | ९२९४ | ब्रान्च अपरेशन बिभाग | बनेपा |
| सहायक पाचौ | श्री लक्ष्मी थापा खत्री | ९९२० | तौलिहवा | बुढानिलकण्ठ |
| सहायक पाचौ | श्री सूधा अर्याल | ८६२५ | टेकु | किर्तिपूर |
| सहायक पाचौ | श्री सुमित्रा कुमारी दाहाल | ६५७२ | पुल्चोक | सानोठिमी |
| लेखा अधिकृत | श्री विपिन घिमिरे | १११७२ | ट्रेजरी बिभाग | नक्साल |
| सहायक पाचौ | श्री अर्जुन कुमार पोखरेल | १०१८४ | खांदवारी | वित्त बिभाग |
| लेखा अधिकृत | श्री शाम्भ राज लामिछाने | १०६५६ | नक्साल | मू.शा.का.काठमाण्डौं |
| लेखा अधिकृत | श्री पवन रेग्मी | १११७० | कर्जा बिभाग | सिंहदरवार |
| लेखा अधिकृत | श्री राजु थापा | ११२१५ | वित्त बिभाग | थापाथली |
| मु.अ. | श्री शूसिल श्रेष्ठ | १०८०६ | कर्जा बिभाग | क्षे.का. काठमाण्डैं |
| ना.मु.अ | श्री भैरव वहादूर हमाल | ९६५५ | प्र.का.अ. को कार्यालय | क्षे.का. काठमाण्डौं |
| ले.अ. | श्री जगन्नाथ कुइकेल | ९८२६ | कर्जा बिभाग | क्षे.का. काठमाण्डौं |
| सहायक पाचौ | श्री नन्दा कुमारी श्रेष्ठ | ६९४८ | धादिंग | क्षे.का. काठमाण्डौं |
| लेखा अधिकृत | श्री दिपक प्रसाद मुडभरी | ११२०९ | कर्जा असूली बिभाग | क्षे.का. काठमाण्डौं |
| लेखा अधिकृत | श्री देवेन्द्र प्रसाद वजगाई | ९९४२ | थापाथली | क्षे.का. काठमाण्डौं |
| स.ले.अ. | श्री उत्तम राज भट्टराई | ९४२४ | गौशाला | मैतिदेवी |
| स.ले.अ. | श्री मणिराज सिंह | ८२०५ | मैतिदेवी | गौशाला |
| का.मू.मु.अ. | श्री विर वहादूर चन्द | ९४९४ | वजेट महाशाखा | क्षे.का.नेपालगंज |
| मु.अ. | श्री बिष्णू प्रसाद वैद्य | ९५९८ | प्र.का.अ. को कार्यालय | मा.सं.बिभाग |
| का.मु. मु.अ. | श्री केशव प्रसाद लम्साल | १०७७६ | ट्रेजरी बिभाग | मु.शा.का. |
| का.मु.मु.अ. | श्री अमरेन्द्र कुमार देव | ५७२० | क्षे.का.विरगंज | मार्केटिंग तथा वि.विभाग |
| का.मु. मु.अ. | श्री टेक राज जोशी | १०७८७ | क्षे.का. नेपालगंज | आ.ले.प.बिभाग |
| मु.अ. | श्री कबि राज अधिकारी | ११२४५ | आ.ले.प.बिभाग | ट्रेजरी बिभाग |
| स.मु.ह | श्री नर्वदेश्वर पाठक | ८१८१ | भैरहवा | क्षे.का. विरगंज |
| ना.मु.अ. | श्री राज कुमार खड्का | ९९९९ | धनगढी | भैरहवा |
| ना.मु.अ. | श्री शालिक राम वाग्ले | ९५९३ | महाराजगंज चकपथ | व्रान्च अ. बिभाग |
| ना.मु.अ. | श्री राजेन्द्र कुमार दाहाल | ९८९६ | गौशाला | महाराजगंज चकपथ |
| ना.मु.अ. | श्री द्विज राज भट्ट | १०७७४ | मा.सं.बिभाग | पुल्चोक |
| का.मु.ना.मु.अ | श्री महेश पोखरेल | ८१९३ | पुल्चोक | गौशाला |
| ले.अ. | श्री योगेन्द्र ठाकुर | ८१८३ | सिराहा | पिडारीचोक |
| ले.अ. | श्री सुरेश ठाकुर | ७४३७ | पिडारीचोक | सिराहा |
| ले.अ. | श्री कृष्ण राज खड्का | ९९२२ | गाइघाट | सु.व. बिराटनगर |
| ले.अ. | श्री राजाराम रेग्मी | ९९३१ | सु.व. बिराटनगर | बिराटनगर |
| ले.अ. | श्री हरिश्चन्द्र भट्ट | १११८१ | महेन्द्रनगर | मु.शा.का. |
| स.ले.अ. | श्री कपिल कुमार कार्की | ११०८६ | मन्थली | कर्जा बिभाग |
| स.ले.अ. | श्री गोविन्द प्रसाद प्याकुरेल | ९६६२ | गजुरी | खानीखोला |
| स.ले.अ. | श्री बद्री प्रसाद पौडेल | ८३९५ | खानीखोला | मन्थली |
| स.ले.अ. | श्री केशव बाबु धिमिरे | ८७८४ | गोरखा | गजुरी |
| स.ले.अ. | श्री गोपाल कुमार भारती | ११०७१ | बेल्टार | लाहान |
| स.ले.अ. | श्री दिलिप कुमार थापा | ९६६६ | थापाथली | बेल्टार |
| स.ले.अ. | श्री राम चन्द्र न्यौपाने | ९३५१ | सु. व. भैरहवा | भैरहवा |
| स.ले.अ. | श्री भोला पहारी | ५१३२ | भैरहवा | सु. व. भैरहवा |
| स.ले.अ. | श्री राम खेलावन दास | ६४१९ | मिर्चैया | गाइघाट |
| स.ले.अ. | श्री महेन्द्र दास | १०३६१ | विरगज | गरुडावजार |
| स.ले.अ. | श्री बिष्णु नारायण चौधरी | ८७३३ | गरुडावजार | गौर |
| स.ले.अ. | श्री बाल मुकुन्द ठाकुर | १०३६० | गौर | जलेश्वर |
| स.ले.अ. | श्री कृष्ण देव प्रसाद पाल | १११०९ | जलेश्वर | क्षे.का. विरगंज |
| स.ले.अ. | श्री महेश सिग्देल | ११११३ | रातामाटा | बर्दिवास |
| स.ले.अ. | श्री अनन्त कुमार भेटवाल | ९८४७ | बर्दिवास | हेटौडा |
| स.ले.अ. | श्री कर्ण देव जोशी | ११११५ | लम्की | महेन्द्रनगर |
| स.पांचौ | श्री जगदिश प्रसाद काफले | १०४०५ | लालवन्दी | वर्दिवास |
| स.पांचौ | श्री कैलाश कुमार पौडेल | ९९५९ | सिन्धुली | रातामाटा |
| स.पांचौ | श्री हरिकृष्ण वानिया | ८७४५ | बनेपा | मा.सं.वि |
| स.पांचौ | श्री होम वहादुर ओली | ६१५६ | धनगढी | लम्की |
| ले.अ. | श्री राजेन्द्र आचार्य | १११९२ | मा.सं.वि. | कर्जा बिभाग |
| स.पांचौ | श्री अमर प्रधान | ९९३७ | क्षे.का. विराटनगर | जितपुर |
| का.मू.मु.अ. | श्री उद्धव प्रसाद खनाल | ९८९९ | बिराटनगर | क.अ.तथा पु.सं.बि |
| का.मू.मु.अ. | श्री नरेश राज अर्याल | ७९६६ | कर्जा असुली बिभाग | पुर्वाधार तथा स.वि.क.वि |
| ना.मू.अ. | श्री विरेन्द्र थापा | ६२२८ | इटहरी | विराटनगर |
| ले.अ. | श्री शान्ता बराल | ६६७६ | सिंहदरवार | धरान |
| ले.अ. | श्री राजुचन्द्र दाहाल | ९१५२ | कर्जा बिभाग | विराटनगर |
| ले.अ. | श्री भोला निरौला | ९९५८ | इनरुवा | देवकोटाचोक |
| मु.अ. | श्री नरेश कुमार अधिकारी | ८१२० | व्य.सू.प्र.विभाग | प्र.का.अ.कार्यालय |
| का.मु.मु.अ. | श्री नवराज भट्ट | ८०५४ | प्र.का.अ.कार्यालय | व्य.सू.प्र.तथा बजेट विभाग |
| स.मु.अ. | श्री बासुदेव पाठक | ८१७६ | सामान्य सेवा बिभाग | सम्पत्ति व्यवस्थापन बिभाग |
| चा.ए. | श्री शिव कुमार मैनालि | ११३६० | मु.शा.का. | संस्थागत तथा साना म.क.बिभाग |
| चा.ए. | श्री देवेन्द्ररमण खनाल | ११३६५ | कर्जा बिभाग | मु.शा.का.काठमाण्डौं |
| चा.ए. | श्री विनयरमण पौडेल | ११४८४ | र्क्जा असूली बिभाग | पुर्वाधार तथा स.वि.क.वि |
| स.ले.अ. | श्री अर्जुनदेव गिरी | ९७७९ | बझांग | धनगढी |
| का.मु.स.ले.अ. | श्री सिद्धराज जोशी | ८१४१ | बाजुरा | बझांग |
| स.ले.अ. | श्री दिर्घराज ओझा | ११४१६ | धनगढी | लम्की |
| स.ले.अ. | श्री गोपाल भारती | ११०७१ | लहान | थापाथली |
| स.ले.अ. | श्री राजेन्द्र कुमार श्रेष्ठ | १०६८५ | शा.का.नेपालगंज | क्षे.का.नेपालगंज |
| ना.मु.अ. | श्री रण वहादुर चन्द | १०७७५ | थापाथली | आ.ले.प.बिभाग |
| ले.अ. | श्री शंकर कूमार अधिकारी | ९५९५ | मू.शा.का. | थापाथली |
| ले.अ. | श्री जुद्ध वहादुर कार्की | ९९१३ | शा.का.नेपालगंज | क्षे.का.नेपालगंज |
| ले.अ. | श्री बूद्ध प्रकाश सिंह | ८५०७ | तुल्सिपुर | शा.का.नेपालगंज |
| का.मू.ले.अ. | श्री बिनोद पाण्डे | ११०६८ | लमही | तुल्सिपुर |
| का.मू.ले.अ. | श्री चेत नाथ लम्साल | ९९१४ | अत्तरिया | लमही |
| ले.अ. | श्री भोजराज भट्ट | ११२२१ | डडेलधुरा | अत्तरिया |
| ले.अ. | श्री शूक्र राज कूंवर | ९९२९ | धरान | इनरुवा |
| का.मू.ले.अ. | श्री आनन्द वहादूर थापा | ६४०४ | मानव संशाधन.विभाग | कृषि तथा सामाजिक वै.बिभाग |
| ना.मु.अ | श्री उमा सुवेदी | ५२१८ | मानव संशाधन.विभाग | संस्थागत तथा साना म.क.बिभाग |
| स.ले.अ. | श्री सानु काजी श्रेष्ठ | ६३९८ | बित्त बिभाग | थापाथली |
| स.पांचौ | श्री टेक वहादुर खडायत | ७८९३ | मंगलसेन | श्रीपुर वेलौरी |
| स.पांचौ | श्री टेक वहादुर ऐर | ९६९५ | धनगढी | दिपायल |
| स.ले.अ. | श्री रमिला श्रेष्ठ | १००२३ | व्रान्च अपरेशन बिभाग | क्षे.का. काठमाण्डौं |
| स.ले.अ. | श्री महेन्द्र प्रसाद अधिकारी | ६३९४ | थापाथली | क्षे.का. काठमाण्डौं |
| स.ले.अ. | श्री प्रकाश के.सी | ९८२४ | सुर्यबिनायक | टेकू |
| स.मु.अ. | श्री कृष्ण शर्मा पौडेल | ८२९८ | कर्जा बिभाग | अ..शा.हि.मि.बिभाग |
| स.ले.अ. | श्री हेम राज सुवेदी | १००२४ | क्षे.का.विराटनगर | अ..शा.हि.मि.बिभाग |
| स.पांचौ | श्री तेज नारायण पासवान | ९६२९ | क्षे.का. विरगंज | शा.का.विरगंज |
| स.ले.अ. | श्री कुमार विक्रम पाण्डे | ९८२३ | थापाथली | क्षे.का.काठमाण्डैं |
| स.चौथो | श्री मृगेन्द्र देउजा | ११५४५ | गोर्खा | गजुरी |
| स.पांचौ | श्री कमल प्रसाद यादव | १०५४६ | गजुरी | गोर्खा |
| का..मू.ना.मू.अ. | श्री राजेश राज भण्डारी | ९४८८ | धादिंग | क्षे.का.काठमाण्डौं |
| स.पांचौ | श्री स्नेहलता ठाकुर | १००९८ | थापाथली | ललितपुर |
| स.ले.अ. | श्री सरस्वती श्रेष्ठ | १००२५ | सुर्यबिनायक | थापाथली |
| स.पांचौ | श्री बिनोद प्रसाद खतिवडा | ९८८४ | पुल्चोक | बानेश्वर |
| स.ले.अ. | श्री गणेश खत्री | ११०८५ | थापाथली | धादिंग |
| स.चा. | श्री रविन्द्र के.सी | १११६० | सामान्य सेवा बिभाग | मुख्य शाखा कार्यालय,काठमाण्डौं |
| स.मू.अ. | श्री शशी आचार्य | ९५०२ | मानव संशाधन.विभाग | ब्रान्च अपरेशन बिभाग |

## तालिम विदेश

ट्रेजरी विभागका उपप्रमुख गुप्त बहादुर राना (८२१०) ले जुलाई ११ ,२०१२ देखि जुलाई १४ २०१२ सम्म थाईल्याण्डको बैंककमा संचालित MB International Banking Seminar मा सफलतापूर्वक भाग लिनुभयो ।

## स्वेच्छिक अवकाश

राष्ट्रिय वाणिज्य बैंकले कर्मचारीको उपयुक्त आकार कायम गर्ने तथा पुराना अनुभवी र नयां कर्मचारीको उपयुक्त मिश्रण तयार गरी समग्र कर्मचारी उत्पादकत्व अभिबृद्धि गर्ने उध्देश्यले अतिरिक्त सुविधासहित ल्याएको आठौं चरणको स्वेच्छिक अवकाश योजनामा ९६ कर्मचारीको सहभागिता रह्यो ।

# श्रद्धाञ्जली सभाको आयोजना

*२५ असार काठमाडौं*

राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय मार्केटिंग तथा विकास विभागका प्रमुख श्रीमती रीता ढुंगेलको असार २४ गते भएको असामयिक निधनमा शोक मनाउन बैंकको केन्द्रीय कार्यालयमा एक श्रध्दान्जली सभाको आयोजना गरियो । सो अवसरमा रावावैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले सदा मिलनसार,मिजासिलो र सहदयी ब्यक्तित्वकी धनी स्व. ढुंगेलले लामो अवधिसम्म कर्तव्यपरायण र लगनशील कर्मचारीको रुपमा बैंकमा पुराउनुभएको योगदानको स्मरण गर्दै उहांको निधनबाट बैंकलाई अपुरणीय क्षति भएको वताउनुभयो । मृत्युजतिसुकै कठोर भएतापनि सांसारिक विधिको विधान अन्तर्गत सबैले स्वीकार्नै पर्ने अन्तिम सत्य भएको र संयम धारण गर्नुको विकल्प नरहेकोले स्व. ढुगेलको परिवार र बैंक परिवारलाई धैर्य धारण गर्ने शक्ति मिलोस् भनि भगवानसंग प्रार्थना गर्नुभयो । रावावैंक केन्द्रीय कार्यालय ब्रान्च अपरेसन विभागका प्रमुख भेषराज पन्थीको संचालनमा सम्पन्न उक्त श्रध्दान्जली सभामा बैंकका नायव महाप्रवन्धक ज्योतिचन्द्र ओझा लगायत विभागीय प्रमुखहरु र वरिष्ठ अधिकृत तथा कर्मचारीको सहभागिता थियो ।



## समवेदना

यस बैंकको शाखा कार्यालय सूर्यविनायकका सहायक प्रवन्धक प्रकाश के.सि.(९८२४)की धर्मपत्नी शान्ता के.सी.को केही पहिले, शाखा कार्यालय लालवन्दीका स.ले.अ. इश्वरीप्रसाद ढुंगेलका पिता भरत प्रसाद ढुंगेलको मिति ०६८।१०।२३ मा ,शाखा कार्यालय सिंहदरवारका सहायक पांचौ श्रीराम वांस्कोटाकी माता गायत्री देवी उपाध्यायको ०६९ असार १० मा, केन्द्रीय कार्यालय अन्तर शाखा हिसाव मिलान विभागका सहायक चौथो नेत्रप्रसाद भट्टराईकी माता मोद कुमारी भट्टराईको ०६९ असार ३० गते ,शाखा कार्यालय, ईनरुवाका सहायक चौथो मणि प्रसाद निरौला (१०२१५) को माता डम्वर कुमारी निरौलाको मिति २०६९।२।९ मा ,शाखा कार्यालय चरिकोटका नगद सहायक कुमाले खत्री (८९४४) की माता कान्छी खत्रीको मिति २०६९।३।१७ मा, शाखा कार्यालय कलैयाका सहायक पांचौ कुमार दाहाल (९३२७) की माता तेज कुमारी उपाध्यायको मिति २०६९।२।१ मा , शाखा कार्यालय कोटीहवाका वरिष्ठ वाहक हरि वहादुर कुंवर (९०९६) की माता कुवारी कुंवरको मिति २०६९।३।२० मा , शाखा कार्यालय, लम्कीका सहायक पांचौ राम वहादुर सिंह (७८२०) की माता हरि देवी सिंहको मिति २०६९।३।१५ मा , शाखा कार्यालय थापाथलीका सहायक पांचौ गोविन्द प्रसाद श्रेष्ठ (४९४८) की माता बृखमाया श्रेष्ठको मिति २०६९।३।२३ मा ,प्रमुख कार्यकारी अधिकृतको कार्यालयमा कार्यरत सहायक पांचौ अग्र वहादुर विष्ट(८९७७) का पिता जक्ति राम विष्टको मिति २०६९।३।३० मा ,शाखा कार्यालय थापाथलीका सहायक चौथो राधा कुमारी कोलाक्षपति (५७०३) का पति बसन्त राज कोलाक्षपतिको केही पहिले र मुख्य शाखा कार्यालय काठमाडौंका ना.मु.अ. राजेन्द्र कट्टेल (९९३२ )की माता पद्मा कट्टेलको केही पहिले, के का आलेप विभागका स.ले.अ. हुमप्रसाद अधिकारी (९४८५) की माता फणी कुमारी अधिकारीको मिति २०६९ भदौ १४ मा निधन भएकोमा दिवंगत आत्माहरुको चिरशान्तीको निम्ती परमेश्वरसंग प्रार्थना गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक परिवार

# रावावैंक कर्मचारी संघ नेपालको २३ औं वार्षिकोत्सव मनाइयो

साउन ७ काठमाडौं

रावावैंक कर्मचारी संघ नेपाल केन्द्रीय समितिको आयोजनामा संघको २३ औं वार्षिकोत्सव सप्ताहव्यापी रुपमा भव्यतापूर्वक मनाईयो । यसै सिलसिलामा नेकपा एमालेका उपाध्यक्ष तथा पूर्व उपप्रधानमन्त्री वामदेव गौतमको प्रमुख आतिथ्यमा बैंकको केन्द्रीय कार्यालय परिसरमा पुरष्कार वितरण तथा समापन समारोह सम्पन्न भयो । सो अवसरमा प्रमुख अतिथि गौतमले हरेक चिजको टुंगो निजी क्षेत्र (बजारले ) लगाउने नवउदारवादको अवधारणा असफल भई मार्क्स र समाजवादको औचित्य झनझन प्रवल बन्दैगईरहेको परिप्रेक्षमा नेपालको आर्थिक सामाजिक विकासमा आफनो भूमिका र महत्तालाई मनन गरी राष्ट्रिय वाणिज्य बैंकले योगदान पुराउनुपर्ने वताउनुभयो । सो अवसरमा नेपाल कम्युनिष्ट पार्टी एमालेका केन्द्रीय सदस्य डा. विजय पौडेलले लोक कल्याणकारी राज्यको प्रवर्द्धननिम्ति सरकारी बैंकहरुको आवश्यकता रहने वताउंदै सार्वजनिक संस्थानका युनियन र व्यवस्थापनबीचको सम्वन्ध निजी संस्थाको मजदुर मालिकको सम्वन्धजस्तो हुन नहुने वताउनुभयो । सो अवसरमा विशेष अतिथि रावावैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले बैंकको भविष्य कर्मचारीको योगदानमा निर्भर गर्ने हुंदा जिम्मेवार नागरिकको हैसियतले हरेक श्रमिकले श्रम गर्नुपर्ने वताउंदै कर्मचारीले अनुशासनको सीमा नाघेमा व्यवस्थापन कर्मचारी हीतलाई भन्दा १७ लाख ग्राहकको हीतलाई प्राथमिकता दिई कठोर कदम चाल्नसमेत वाध्य हुने वताउनुभयो । रावावैंकमा यूनियनहरु व्यावसायिक ढंगले अघि बढिरहेको , श्रम सम्वन्ध राम्रो रहेकोमा सन्तोष प्रकट गर्दै प्रमुख कार्यकारी अधिकृत शर्माले रावावैंकको हीतलाई केन्द्रविन्दुमा राखी व्यवस्थापन र ट्रेड यूनियन संगसंगै हिंड्नुपर्ने वताउनुभयो । उक्त समारोहमा बैंक वीमा तथा वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय समितिका अध्यक्ष शंकरकुमार रायमाझी ,नेपाल राष्ट्रिय कर्मचारी संगठन रावावैंकका केन्द्रीय अध्यक्ष अमृत बहादुर अधिकारी



*सयौं थुगा फूलका हामी एउटै माला नेपाली*

, नेपाल वित्तिय संस्था कर्मचारी संघ रावावैंकका केन्द्रीय अध्यक्ष उद्धव प्रसाद गौतम लगायतका वक्ताले शुभकामना मन्तव्य दिनुभएको थियो । संघका केन्द्रीय अध्यक्ष नारायणप्रसाद सुवेदीको सभापतित्वमा ,महासचिव वेद वहादुर लावतीको संचालनमा सम्पन्न उक्त समारोहमा उपाध्यक्ष हेमराज सुवेदीले स्वागत मन्तव्य दिनुभएको थियो भने कोषाध्यक्ष धर्मराज अर्यालले कविता वाचन गर्नुभएको थियो । राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका सदस्य पितृभक्त पोखेल, नायव महाप्रवन्धक ज्योतिचन्द्र ओझा,विभागीय प्रमुखहरु ,पेशागत महासंघ नेपालका अध्यक्ष विश्वनाथ प्याकुरेल,पेशागत महासंघका नेपालका महासचिव शिव कुमार अधिकारी,रावावैंक कर्मचारी संघका पूर्व केन्द्रीय अध्यक्षद्वय महेशराज खरेल र प्रकाशचन्द्र मुखिया लगायतका महानुभावका साथै केन्द्र र शाखाबाट गरी झण्डै ५०० कर्मचारीको उपस्थिति रहेको थियो । स्मरण रहोस, संघको वार्षिकोत्सव विविध कार्यक्रमहरु आयोजना गरी भव्यतापूर्वक मनाउने सिलसिलामा यस पूर्व सचिव दयाराम पन्तको संयोजकत्वमा गठित बैडमिन्टन प्रतियोगिता संचालन समिति,सचिव रामहरि शर्माको संयोजकत्वमा गठित बैंक बीमा तथा वित्तीय क्षेत्रस्तरीय हाजिरी जवाफ प्रतियोगिता संचालन समिति ,सचिव तोया ढुंगेलको संयोजकत्वमा गठित महिला म्यूजिकल चेयर प्रतियोगिता संचालन समिति तथा उपाध्यक्ष भरत भट्टराईको संयोजकत्वमा गठित रक्तदान कार्यकम आयोजना समितिद्वारा तोकिएका कार्यक्रमहरु सफलतापूर्वक संचालन गरिएका थिए । सोही सिलसिलामा ६९ जना रक्तदाताले रक्तदान गरेका थिए । रक्तदातालाई प्रमुख अतिथिले प्रमाणपत्र वितरण गर्नुभएको थियो । म्यूजिकल चेयर, व्याडमिन्टन,हाजिरीजवाफका विजयीलाई पुरष्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो । साथै २०६८ सालको एस.एल.सि.परीक्षामा उत्कृष्टता हासिल गर्ने रावावैक कर्मचारी संघ सम्वद्ध कर्मचारीका छोराछोरीलाई राविया छात्रवृत्ति पुरष्कार वितरण गरिएको थियो भने क्षेत्रीय समितिहरुको क्षेत्रगत मूल्यांकनको आधारमा प्रथम भएको विराटनगर क्षेत्रीय समितिलाई रनिंग शिल्ड प्रदान गरिएको थियो ।

*वेद लावतीको सहयोगमा*

# नेपाल वित्तिय संस्था कर्मचारी संघ रावावैंकद्वारा वी.पी. जयन्ती तथा तीज मनाईयो

२५ भाद्र काठमाडौं

नेपाल वित्तिय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय समितिको आयोजनामा पूर्व प्रधानमन्त्री तथा नेपालको प्रजातान्त्रिक समाजवादी आन्दोलनका शिखर व्यक्तित्व एवं मुर्धन्य साहित्यकार स्व. वी.पी. कोईरालाको ९९ औं जन्मजयन्ती भव्यतापूर्वक मनाईयो । समसामयिक नेपाली राजनीतिमा वी.पी. विचारको सान्दर्भिकता विषयक विचार गोष्ठीका साथै एस.एल.सि.मा उत्कृष्ठता हासिल गर्ने रावावैंक कर्मचारीका छोराछोरीलाई छात्रवृत्ति वितरण समाविश्ठ रहेको उक्त समारोहको नेपाली काग्रेसका नेता तथा पूर्व अर्थमन्त्री डा.रामशरण महतले पानसमा वत्ति बाली शुभारम्भ गर्नुभएको थियो । सो अवसरमा डा. महतले वी.पी.कोईराला राष्ट्रियता ,लोकतन्त्र र समाजवादलाई आदर्श मान्ने सबै नेपालीको मनमष्तिष्कमा सदा स्मरणीय रहने वताउनुभयो । सो अवसरमा डा.महतले आजभन्दा २१ वर्षअघि नेपाली कांग्रेस सरकारमा आउंदा रावावैक अत्यन्त रुग्ण अवस्थामा रहेकोले आफूले यसको सवलिकरण निम्ति सिविपासको अध्ययन गराई सुधारको श्रीगणेश गरेको स्मरण गर्दै ठूलो नोक्सानीमा रहेको बैंक हाल अरब बढी नाफा गर्ने स्थितिमा आईपुगेकोमा प्रशन्नता व्यक्त गर्नुभयो । सो अवसरमा विशिष्ट अतिथि नेपाली कांग्रेसका नेता डा. मनमोहन भट्टराईले वी.पी.का विचारलाई कालको कसीमा राखेर बुझ्नुपर्ने, वी.पी



*शहिदको स्मरणमा मौनधारण*

विचारलाई पोखरीको रुपमा होईन कि नदीको रुपमा हेरी सामयिक बनाउनुपर्ने दायित्व वी.पी.का विचार संवाहकको कांधमा रहेको वताउनुभयो । सो अवसरमा विशेषः अतिथि राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले वी.पी. साहित्यतर्फ वेजोड प्रतिभा रहेको ,राजनीतितर्फ राष्ट्रियता, प्रजातन्त्र र समाजवादको त्रिआयामिक व्यक्तित्वका धनी रहेको चर्चा गर्दै उहांको समाजवादी सिध्दान्तबारे थप चिन्तन गरी पुनर्व्याख्याको आवश्यकता रहेको वताउनुभयो । सो अवसरमा श्री शर्माले रावावैंक सबैको सहयोग र सद्भावबाट दिनानुदिन प्रगतिपथमा लम्केको,सबै शाखा कम्प्युटरिकृत भएको , बैंकको वासलात १ खरव पुगी कुल कारोवारको आधारमा सबैभन्दा ठूलो र देशकै गौरवशाली बैक बन्न पुगेको वताउनुभयो । सो अवसरमा नेपाल ट्रेड युनियन कांग्रेसका केन्द्रीय अध्यक्ष लक्ष्मण बहादुर वस्नेत ,नेपाल विद्यार्थी संघका केन्द्रीय अध्यक्ष रन्जित कर्ण र उत्कृष्ठ विद्यार्थीको तर्फबाट सुश्री अनुपमा थापाले मन्तव्य दिनुभएको थियो ।

**छात्रवृत्ति वितरण**

सो अवसरमा छात्रवृत्ति संयोजन समितिका संयोजक तथा आयोजक संघका वरिष्ट उपाध्यक्ष दिनेश कुमार शर्माले छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नाम उद्घोष् गर्नुभएको थियो । यस घोषणाअनुसार क्रमशःप्रथम ,द्वीतिय र तृतिय स्थान हासिल गर्ने सुश्री अनुपमा थापा,प्रसुन राजभण्डारी र अविज्ञ पौडेललाई प्रमुख अतिथि डा. महतले रु ५५५५।, रु४४४४। र रु ३३३३।

*बाँकी अन्तिम पेजमा*

## नेपाल वित्तीय...

नगदसहित प्रमाणपत्र प्रदान गर्नुभएको थियो । यसैगरि १४ जना विद्यार्थीलाई रु २०००। नगदसहित प्रमाणपत्र प्रदान गरिएको थियो ।

आयोजक संघका केन्द्रीय अध्यक्ष उद्धव प्रसाद गौतमको सभापतित्वमा सम्पन्न प्रथम कार्यकालका अध्यक्ष जितेन्द्र सिंह थापाको स्वागतमन्तव्यबाट आरम्भ भएको समारोहको संचालन महासचिव दिनेश विक्रम थापाले गर्नुभएको थियो । उक्त समारोहमा राष्ट्रिय वाणिज्य बैंकका का.मु.का.नि.ज्योतिचन्द्र ओझा, का.मु.ना.म.प्र.हरु माधव प्रसाद पन्त,गोपालचन्द्र शर्मा,गिरिजानन्द पनेरु र भेषराज पन्थी , नेपाल ट्रेड यूनियन कांग्रेसका केन्द्रीय सदस्य केशमाया जोशी ,नेपाल वित्तिय संस्था कर्मचारी संघ राष्ट्रिय समितिका उपाध्यक्ष ऋषिराम आचार्य , रावावैंक कर्मचारी संघ नेपाल केन्द्रीय समितिका महासचिव वेद बहादुर लावती,ने.रा.क.सं. रावावैंक केन्द्रीय समितिका वरिष्ट उपाध्यक्ष राजेन्द्र कार्की ,आयोजक संघका सल्लाहकारत्रय शिवराम पौडेल, माधव थापा र सुदर्शन पन्त ,पूर्व अध्यक्ष जय वहादुर चन्द लगायतका महानुभावको समुपस्थिति थियो ।

## हरितालिका कार्यक्रम

यसैबीच नेपाल वित्तिय संस्था कर्मचारी संघ रावाबैंकको केन्द्रीय महिला विभागको आयोजनामा हरितालिका तीज २०६९ को उपलक्ष्यमा भाद्र २२ गते केन्द्रीय कार्यालय परिसरमा शुभकामना आदान प्रदान तथा दरखाने कार्यक्रमको आयोजना गरियो । पूर्व उपसभामुख तथा नेपाली कांग्रेसका कोषाध्यक्ष चित्रलेखा यादवको प्रमुख आतिथ्यमा सम्पन्न उक्त समारोहमा विशेष: अतिथि रावावैंकका का.मु.कार्यकारी निर्देशक ज्योतिचन्द्र



ओझा, विशेष:अतिथि नेपाली कांग्रेसका केन्द्रीय सदस्य पार्वती जि.सि.,नेपाल ट्रेड यूनियन कांग्रेसका केन्द्रीय सदस्य केशमाया जोशी,आयोजक संघका केन्द्रीय अध्यक्ष उद्धव प्रसाद गौतम ,रावावैंक कर्मचारी संघ नेपालका प्रतिनिधि सीता थापा,नेपाल राष्ट्रिय कर्मचारी संगठन रावावैंकका प्रतिनिधि प्रतिमा मानन्धर लगायतका वक्ताले शुभकामना मन्तव्य दिनुभएको थियो । आयोजक महिला विभागका अध्यक्ष ओमहरि गुरागांईको सभापतित्वमा प्रभा जोशीको संचालनमा सम्पन्न उक्त समारोहमा का.मु. नायव महाप्रवन्धकत्रय माधवराज पन्त,गोपालचन्द्र शर्मा र भेषराज पन्थी,विभागीय प्रमुखहरु ,नेपाल वित्तिय संस्था कर्मचारी संघ रावावैंक केन्द्रीय समितिका वरिष्ट उपाध्यक्ष दिनेश कुमार शर्मा,सम्पन्न प्रथम कार्यकालका अध्यक्ष जितेन्द्र सिंह थापा,सल्लाहकार संयोजक शिवराम पौडेल,वाग्मती क्षेत्रका उपाध्यक्ष तथा केन्द्रीय कार्यालय समितिका अध्यक्ष आशा विष्ट लगायत अधिक संख्यामा महिला तथा पुरुष कर्मचारीको समुपस्थिति थियो ।

## रा.वा बैंक छैटौं चरणको प्रबन्धक स्तरीय गोष्ठी

भाद्र ३ थापाथली काठमाडौं

साउन ३० गतेबाट भाद्र ३ गतेसम्म बैंकको थापाथलीस्थित तालीम विभागको सभाकक्षमा संचालित उक्त गोष्ठीको अन्तिम दिन प्रमुख कार्यकारी अधिकृत र



नायव महाप्रवन्धकको समुपस्थितिमा विभागीय प्रमुख क्षेत्रीय प्रमुख तथा शाखा प्रवन्धकहरुबीच वृहत अन्तरक्रिया सम्पन्न भयो ।

## पूर्व कर्मचारी संघको १४ औं वार्षिकोत्सव

भाद्र १८ थापाथली काठमाडौ

राष्ट्रिय वाणिज्य बैंक पूर्व कर्मचारी संघको १४ औं वार्षिकोत्सव संघको थापाथलीस्थित कार्यालय परिसरमा भव्यतापूर्वक मनाईयो । यसै क्रममा आयोजित विशेष: समारोहमा प्रमुख अतिथि राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले संघको उत्तरोत्तर प्रगतिको शुभकामनासहित संघले देशका दुर्गम




स्थानका जनतालाई लक्षित गरि संचालन गर्ने आंखा शिविर ,दन्त शिविर ,सामान्य स्वास्थ्य परीक्षण, जनचेतनामूलक कार्यक्रम लगायतका सामाजिक हीत प्रवर्द्धनका क्षेत्रमा रावावैंकले सहकार्य गर्ने तत्परता प्रकट गर्नुभयो । आयोजक संघका अध्यक्ष रामशान्त श्रेष्ठको सभापतित्वमा सम्पन्न उक्त समारोहमा युवा स्वरोजगार कोषका प्रमुख कार्यकारी अधिकृत विनोद कु.गुरागांई ,लायन्स क्लव अफ काठमाडौंका तृतिय उपाध्यक्ष तथा निशुल्क आंखा शिविर कार्यक्रमका प्राविधिक संयोजक मोहन न्यौपाने ,आयोजक संघका सल्लाहकार बेदमानसिंह मल्ल,उपाध्यक्ष गोविन्द सिग्देल ,ने.रा.वैंक पूर्व कर्मचारी संघका अध्यक्ष रेवत बहादुर कार्की लगायतका वक्ताले मन्तव्य दिनुभएको थियो । सो समारोहमा रावावैंकका का.मु.नायव महाप्रवन्धकत्रय माधवराज पन्त,गोपालचन्द्र शर्मा, भेषराज पन्थीको समुपस्थिति थियो ।

वर्षिकोत्सवको उपलक्ष्यमा लायन्स आई केयर सेन्टर काठमाडौंका वरिष्ठ आंखा रोग विशेषज्ञ डा.अमृत खड्काको नेतृत्वमा सहायक चिकित्सक गणेश प्रधान ,अमृत श्रेष्ठ,प्राविधिक सहयोगी प्रमिला अधिकारी,मान बहादुर खड्का सम्मिलित टोलीको प्राविधिक सहयोगमा संघद्वारा आयोजित निशुल्क आंखा शिविरमा १२० व्यक्तिको आंखा परीक्षण गरिएको जानकारी रावावैंक समाचारलाई प्राप्त भएको छ ।

## महालक्ष्मी उपहार वितरण कार्यक्रम

राष्ट्रिय वाणिज्य वैंक लि. मा महालक्ष्मी बचत खाता खोली कारोवार गर्ने महिला दिदी बहिनीहरुको सम्मानमा राष्ट्रिय वाणिज्य बैंक लि. शाखा कार्यालय विराटनगर, वरगाछी देवकोटाचोक, सूख्खावन्दरगाहद्वारा छुट्टाछुट्टै समारोहका बीच महालक्ष्मी बचत खाताका महिला ग्राहकहरुलाई सौभाग्यको उपहार



*शाखा कार्यालय शिवगंजमा आयोजित महालक्ष्मी उपहार वितरण कार्यक्रमको एक झलक*

वितरण गरिनुका साथै मिठाईको परिकारसहित दर खुवाउने कार्यक्रम सम्पन्न गरियो । राष्ट्रिय वाणिज्य वैंक क्षेत्रीय कार्यालय विराटनगरका क्षेत्रीय प्रवन्धक सुरेन्द्र कुमार वजिमयोको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा उल्लेख्य संख्यामा महिला दिदी वहिनीको सहभागिता थियो । यसैगरि विराटनगर क्षेत्रका ओखलढुंगा, विर्तामोड, भद्रपुर, शिवगन्ज लगायतका शाखा कार्यालयहरुमा र पोखरा क्षेत्रको शाखा कार्यालय गोरखामा तीजको विशेष कार्यक्रम संचालन गरिएको जानकारी प्राप्त भएको छ ।

Published by: Rastriya Banijya Bank, Central Office, General Service Department
Singhadurbar Plaza, Kathmandu, Ph: 4252595
Chief Advisor : CEO Krishna Prasad Sharma, Advisor : E.D. Jyoti Chandra Ojha, Chief Editor : Mukunda Aryal,
Co-editor (Distribution Management): Bharat Nepal, Email:rbbnl@rbb.com.np
Computer Design & Setting : Touch Creation P. Ltd., Bagbazar, Kathmandu,Tel: 01-4215448
Printed at : Kalpataru Printing Press Pvt. Ltd., Kathmandu